नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१०२ दायर मिति:-२०८१/०५/२४**

**फैसला मिति:-२०८१/०६/०९**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| **धिरज तुरहाको जाहेरीले** <br> **नेपाल सरकार.........................१** | **देश भारत बिहार राज्य जिल्ला सितामढी मोतिहारी पंचायत वडा नं. १६ बेतौना गाउँ स्थायी घर भई जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.०७ कुमहार टोल बस्ने कन्हैया मण्डलको छोरा वर्ष २० को सन्नी कुमार मण्डल.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अनिल कुमार साह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०५।१८ गते अं.१२:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.७ कुम्हाल टोल स्थित मेरो भतिजी तानिया कुमारीलाई पहिला देखिनै प्रतिवादी सन्नी कुमार मण्डलले जिस्काउँदै आएको जानकारी पाई निज प्रतिवादीलाई सो सम्बन्धमा सम्झाई बुझाई गर्दा निज प्रतिवादी रिस आवेशमा आई मसँग वादविवाद तथा गाली गलौज गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी सन्नी कुमार मण्डललाई कैद दिन ५, जरिवाना रु.७५००/- अक्षरेपी सात हजार पाँच सय मात्र र क्षतिपूर्ती शुल्क रु.३००/- अक्षरेपी तीन सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी सन्नी कुमार मण्डललाई ठहरेको कैद दिन ५ को हकमा निज मिति २०८१/०५/२० देखि २०८१/०५/२४ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्को हकमा र.नं.६१/२०८१/०५/२५ बाट दाखिला गरेको धरौटी रकम रु.७८००/- बाट जरिवाना रकम रु.७५००/- र क्षतिपूर्ती शुल्क रु.३००/- कट्टी गर्नु -----------------------------------------------------------------------------------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ असोज महिना ९ गते बुधवार रोज ४/ ने.सं. ११४४ ञलागा अष्ठमी, शुभम् ........